## 2077 साल असार २ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | विषय |
|---|---|---|
| 1. | अर्थ मन्त्रालय | नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउन तथा कार्यकुशलता अभिबृद्धि गर्नको लागि विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्था (आई.डि.ए.) बाट बजेटरी सहयोगको रूपमा प्रस्तावित १० करोड अमेरिकी डलर (करिव रु.१२ अर्ब) बराबरको प्रस्तावित सहुलियतपूर्ण ऋण सहायता रकम स्वीकार गर्ने |
| 2. | अर्थ मन्त्रालय | साना सिँचाइ आयोजना दोश्रो चरण कार्यक्रम कार्यान्वियनका लागि स्वीटजरल्याण्ड सरकारबाट प्राप्त हुने १ करोड ७६ लाख स्वीस फ्रयाङ्क (करिव दुई अर्ब दुई करोड चालिस लाख नेपाली रुपैंया) बरावरको अनुदान सहायता स्वीकार गर्ने |
| 3. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (२) बमोजिम मिति २०७६/१२/२४ को नेपाल राजपत्रमा प्रकाशित उद्योग, वाणिज्य तथा आपूर्तिको मन्त्रालयको सूचनाको खण्ड (घ)मा देहाय बमोजिम प्रतिबन्धात्मक वाक्यांस थप गरी संशोधित सूचना नेपाल राजपत्रमा प्रकाशित गर्ने।<br>"तर औद्योगिक कच्चा पदार्थको रुपमा आवश्यक पर्ने मरिच सम्बन्धित उद्योगको उत्पादन क्षमता र खपतको प्रवृत्तिको आधारमा उद्योग विभागले प्रमाणित गरेको परिमाण बमोजिम सम्बन्धित उद्योग आफैँले आयात गर्न सक्ने" |
| 4. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | आर्थिक वर्ष २०७७/७८ को लागि मोटा धानको प्रति क्वीण्टल रु.२,७३५/- र मध्यम धानको प्रति क्वीण्टल रु.२,८८५/- न्यूनतम समर्थन मूल्य तोक्ने।(गत वर्ष मोटा रु २५३२/८० र मध्यम २६७३/१६) |
| 5. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | इमाडोल-सिद्दिपुर-गोदावरी खोला-लुभु लामाटार सडकको हाललाई उपलब्ध हुने चौडाईमा कालोपत्रे सडक निर्माण गरी (चेनेज ३+६२६ देखि बाइपास सडक १ किलोमिटर निर्माण समेत) मौजुदा ठेक्काहरु फरफारक गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने |
| 6. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | कलंकी-थानकोट-नागढुङ्गा सुरुङ्ग मार्ग आयोजनाको क्षेत्र भित्र पर्ने आवश्यक जग्गा अधिग्रहण गर्दा देहाय बमोजिम गर्ने,<br>क) श्री ५ को वायु गुठीका मोहीहरुलाई पचास (५०%) प्रतिशत क्षतिपूर्ति रकम उपलब्ध गराउने।<br>ख) जग्गाधनी प्रमाण पूर्जा नभएका तर मालपोत/नापी कार्यलयमा रहेको श्रेस्ता फिल्ड बुकमा जनाउ रहेको आधारमा जग्गा धनी मोहीहरुलाई क्षतिपूर्ति रकम उपलब्ध गराउने |
| 7. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को उपाध्यक्ष पदमा खगेन्द्र प्रसाद अधिकारी, झापालाई मनोनयन गर्ने । |
| 8. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्वा विकास समितिको अध्यक्ष पदमा जिल्ला ताप्लेजुङ, फुङलिङ नगरपालिका वार्ड नं. ९ निवासी श्री फुपु छेम्वे शेर्पा (खेन्पो गेशे थुप्तेन जिक्डोल) र कार्यकारी निर्देशक पदमा जिल्ला नुवाकोट, दुप्चेश्वर गाउँपालिका वार्ड नं.५ निवासी श्री होम बहादुर दोङलाई नियुक्त गर्ने |
| 9. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकमा डा .राजन खनाल, नमोबुद्ध नगरपालिका वडा नं .७, काभ्रेपलाञ्चोकलाई नियुक्त गर्ने । |
| 10. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि)(तेस्रो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने। |
| 11. | सहरी विकास मन्त्रालय | राष्ट्रिय अभिलेखालयमा रहेको देशकै ऐतिहासिक र राजनैतिक महत्वका दुर्लभ र अति सम्वेदनशिल सामाग्रीहरुलाई जोगाउनु पर्ने राष्ट्रिय दायित्व भएको र सर्वोच्च अदालतबाट तत्काल काम अगाडी बढाउने तयारीमा रहेको सन्दर्भमा तत्काल राष्ट्रिय अभिलेखालय स्थानान्तरण गर्ने वैकल्पिक स्थान/भवनको व्यवस्था भई नसकेकोले सर्वोच्च अदालतको नाममा कायम गरिएको राष्ट्रिय अभिलेखालयको |

| | | |
|---|---|---|
| | | जग्गा पुनः राष्ट्रिय अभिलेखालय कै नाममा कायम गर्ने र सर्वोच्च अदालतको भवन निर्माणका लागि नपुग हुने जग्गा सर्वोच्च अदालतले प्राप्त गरेको साविक क्याभलरीको जग्गा भन्दा पूर्वको चण्डीदल गणको ३५ मिटर (ड्रईङ्ग अनुसार) जग्गाबाट उपलब्ध गराउने र सो वरावरको जग्गा नेपाली सेनाको चण्डीदल गणको अस्थायी टहरा वनाउने प्रयोजनको लागि सो परिषरको वरिपरिबाट चण्डीदल गणलाई जग्गा उपलब्ध गराउने |
| 12. | नेपालको भू-उपग्रह नीति, २०७७ स्वीकृत गर्ने । | |
| 13. | विभूषण (पहिलो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने । | |
| 14. | सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने । | |
| 15. | सार्वजनिक सेवा प्रसारण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने । | |